मकवानपुरगढी गाउँपालिका
Makawanpurgadhi Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Executive
मक्रान्चुली, मकवानपुर
Makranchuli, Makawanpur
बागमती प्रदेश, नेपाल
Bagamati Province, Nepal

Email: makawanpurgadhi.rmc@gmail
Website: makawanpurgadhimun.gov.np
Contact no. : 9855073810 (Chairperson)
Contact no.: 9855088966 (CAO)

प.सं.(Ref.) : ०७९/०८०
च.नं.(Dispatch no.) :

## आमा वावु विहिन बालबालिकालाई भत्ता वितरण सम्वन्धी जरुरी सूचना
## प्रथम पटक प्रकाशित मिति २०७९/०९/११

प्रस्तुत विषयमा मकवानपुरगढी गाउँपालिकाको आ.व.२०७९/०८० को वार्षिक कार्यक्रम अनुसार **आमा वावु विहिन बालबालिका संरक्षण कार्यक्रम** संचालन हुन लागेकोले उक्त कार्यक्रमको कार्यविधि भित्र पर्ने तपसिलमा उल्लेख भए वमोजिम योग्यता पुगेका बालबालिकाहरु स्वयं वा निजको संरक्षण वा स्याहार सुसार गर्ने व्यक्तिले तपसिलमा उल्लेखित कागजात सहित सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र आ-आफनो सम्वन्धित वडा कार्यालयमा आवेदन दिनु हुन अनुरोध गरीन्छ ।

**क) भत्ता प्राप्त गर्ने बालबालिकाको योग्यता**

१. आमा र बाबु दुबैको मृत्यु भएका वा दुवै वेपत्ता भएको ।
२ १८ वर्ष उमेर पुरा नगरेका ।
३. ५ वर्ष उमेर पुरा गरेको बालबालिकाको हकमा विद्यालयमा भर्ना भई नियमित विद्यालय जान गरेको ।
४. कुनै गैर कानुनी वा अपराधिक कार्यमा संलग्न नभएको ।

**ख) आवश्यक कागजातहरु**

१. बालबालिकाको पासपोर्ट साइजको फोटो २ प्रति
२. जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि (नागरीकता भएमा नागरीकता प्रमाणपत्रको प्रतिलिपि)
३. बाबु र आमा दुबैको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि वा आमा र बाबु दुबै वेपत्ता भएको प्रमाणित कागजात
४. विद्यालयमा भर्ना भई नियमित विद्यालय जान गरेको भनी विद्यालयले दिएको सिफारिस पत्र (५ वर्ष उमेर पुरा गरेको बालबालिकाको हकमा मात्र )
५. सम्बन्धित व्यक्ति बालबालिकाको संरक्षक हो भनी सम्वन्धित वडाको सिफारिस पत्र
६. संरक्षकको नागरीकता प्रमाणपत्रको प्रतिलिपि

राम कुमार खतिवडा
प्रमुख प्रशासकिय अधिकृत



CamScanner